# श्री बुका सामुदायिक वन उपभोक्ता समूह

राजपुर-७, तालिखोला, दाङ

## बोलपत्र द्वारा गोलिया काठ दाउरा लिलाम विक्री सूचना

### प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०१/१४ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय, दाङ (देउखुरी) लमही, दाङको च.नं. १२९३ मिति २०८०/११/२९ गतेको काठ दाउरा संकलन सहमतिबाट यस समूहले वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९ बमोजिम स्वीकृत दिगो वन व्यवस्थापन कार्ययोजना अनुसार कायम गरिएको कम्पार्टमेन्टहरु मध्ये पुनरुत्पादन कटान प्लट C1S7 सवकम्पार्टमेन्टमा रहेका माउँ रुखहरु बाहेक छपान भएका रुखहरु लाई कटान मुछान गरी उत्पादित गोलिया काठ र दाउरालाई डिभिजन वन कार्यालय दाङ देउखुरी लमही दाङको च.नं. १९२७ मिति २०८२/०१/०५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल जातहरुको गोलिया थान ९९ को ३९२.७६ घ.फि. काठ लाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमती प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरुले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशन भएको मितिले २१ औं दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा कार्यालय समय भित्र सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध छ ।

<u>तपसिल</u>

पुनरुत्पादन कटान बाट उत्पादन भएका काठ/दाउरा

| लट नं. | पाईल नं. | सि.नं. | जात | किसिम | एकाई | ग्रेड | थान | परिमाण | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४,१६,१७ र १८ | १ | साल | गोलिया | घ.फि. | बि | १३ | ९२.११ | ९००/- | ८२८९९ | ८२४७९.६ | |
| | | | | गोलिया | घ.फि. | सि | ७३ | २७६.९४ | ६००/- | १६६१६४ | | |
| | | | | गोलिया | घ.फि. | डि | १३ | २३.७१ | ३००/- | ७११३ | | |
| लट नं. १ को जम्मा | | | | | | | ९९ | ३९२.७६ | | २५६१७६ | ८२४७९.६ | |

१. बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्नुपर्ने अन्तिम मिति : २०८२/०२/०४ गते कार्यालय समय सम्म ।

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति : २०८२/०२/०५ गते ।

(ग) दाखिला गर्नुपर्ने अन्तिम समय : दिउँसो १२:०० बजे सम्म ।

२. बोलपत्रसाथ कबोल गरेको रकमको १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समुहको सांग्रिला डेभलवमेण्ट बैंक लि.लमही शाखामा रहेको हिसाव खाता नं. ०१७००८०००७६८८२००००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेन्टी समावेश गरेको हुनु पर्नेछ ।

३. बोलपत्र फारम प्रति लटको रु १०००/- पछि फिर्ता नहुने गरी तिरि यस समूह वा डिभिजन वन कार्यालय दाङ (देउखुरी) लमहीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

४. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुल्ने समय भित्र जिल्ला दाङ, लमही नगरपालिका वडा नं. ९, अमिलियामा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ

५. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाण,उद्योग सूचीकृत भएको प्रमाणको प्रतिलिपी सिलबन्दि बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

६. निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८२/०२/०५ गते यस समुहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहबरमा खोलिनेछ ।

७. बोलपत्र खरिद, दाखिला वा खोल्ने दिन विदा परेमा सो को भोलि पल्ट गरिनेछ ।

८. लिलाम स्वीकृत भएपछि निमानुसार साकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्ध कर, अग्रिम आयकर, संकलन खर्च छुट्टा छुट्टै वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेखु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

मुना बहादुर खड्का

अध्यक्ष